नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

# जिल्ला हुलाक कार्यालय

चौतारा, सिन्धुपाल्चोक

पत्र सं.: २०८२/०८३
च.नं.: १९२

मितिः २०८२/११/०८
ने.सः १४४६ चिल्लाथ्व ३ शुक्रबार

## निर्वाचान आचारसंहिता उल्लघंन विषयमा उजुरी दर्ता गर्न सक्ने व्यवस्था सम्बन्धी सूचना

प्रस्तुत विषयमा विज्ञापन वोर्डको प.सं.०८२/८३,च.नं.३४३,मिति २०८२/११/०४ गतेको पत्रानुसार यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ मा राजनीतिक दल, दलका उम्मेदवार र अन्य उम्मेदवारहरुले गरेका प्रचारप्रसार,प्रचार सामाग्री तथा आम संचारमाध्यम तथा सामाजिक सञ्जाल समेतमा राजनीतिक दल, दलका उम्मेदवार र अन्य उम्मेदवारहरुले गरेका प्रचार प्रसारको अनुगमन गरी निर्वाचन आचारसंहिता,२०८२, विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ तथा विज्ञापन (नियमन गर्ने) नियमावली,२०७७ अनुसार कार्य भए/ नभएको सम्बन्धमा अनुगमन हुने भएकाले उक्त कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा अनुगमनका लागि तपसिल बमोजिमका कार्य भए/गरेको कोही कसैले कतै पाएमा प्रमाण (फोटो,लिङ्क वा अन्य) सहित जिल्ला हुलाक कार्यालयमा समेत उजुरी दर्ता गर्न सकिने व्यवस्था रहेकाले यस सम्बन्धमा सरोकारवाला सबैको जानकारी तथा आवश्यक सहयोगका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः-

१. निर्वाचनमा सहभागी राजनीतिक दल, दलका उम्मेदवार तथा अन्य उम्मेदवारले प्रयोग गरेका प्रचार सामग्री तथा विभिन्न सञ्चारमाध्यम, होर्डिङ्ग बोर्ड, पम्प्लेट, पोष्टर, भित्तेलेखन,अनलाइन तथा विधुतीय सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल समेतबाट गरेको विज्ञापन प्रचार प्रसारको क्रममा निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता,२०८२ मा उल्लेख भएका व्यवस्थाको पालना नगरेकोमा।

२. आम नागरिकलाई प्रचार प्रसारका क्रममा भ्रमपूर्ण झुटा र अरु नराम्रो र आफु मात्र राम्रो वा अन्य दल नराम्रो आफ्नो दल मात्र राम्रो भन्ने खालका विज्ञापन तथा सूचना प्रचार प्रसार गरेकोमा।

उजुरी वा जानकारीका लागिः-

कार्यालय प्रमुखः- ९८५११४७७८१
सूचना अधिकारी :- ९७४८२६६२०८
इमेलः- sindhupalchok@nepalpost.gov.np
सम्पर्क नं. ०११-६२०११६

...................
(ओम प्रसाद आचार्य)
हुलाक अधिकृत